मिति: २०८१ असोज ७ गते

समय: विहान ११:०० बजे

स्थान: सभाहल, कैलाश गाउँपालिका

आज मिति २०८१ साल असोज ७ गते सोमबार दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | |
| २० | श्री अमुल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित | |

<u>कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:</u>

१. किर्तिमानडाँडा हुँदै बनझाक्री खोलासम्म सडक स्तरोन्नति योजनालाई प्रदेश समपुरक वहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने सम्वन्धमा।

२. कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० संशोधन सम्वन्धमा।

३. लिक्चे वृहत खानेपानी आयोजनाको अनुगमन तथा निर्माण व्यवसायीसँग स्पष्टिकरण लिने सम्वन्धमा।

४. करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्वन्धमा।

५. एस.एम. कन्ट्रक्सन निर्माण सेवालाई कालो सूचीमा राख्न PPMO मा सिफारिस गर्ने सम्वन्धमा।

६. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

**निर्णय नं. १** यस गाउँपालिकाको वडा नं. ३ र ४ मा पर्ने किर्तिमानडाँडा हुँदै बनझाक्री खोलासम्म सडक स्तरोन्नति योजनाको लागि चालु आ.व. २०८१/०८२ मा प्रदेश समपुरक अनुदान वापत रु १ करोड बजेट विनियोजन भएकोले यस योजनालाई बहुवर्षीय/क्रमागत योजना बनाई लागत इस्टिमेट तयार गरी टेण्डर आव्हान गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं.२** कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० मा देहायका दफाहरु संशोधन तथा थप गर्ने निर्णय गरियो:

कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन(पहिलो संशोधन) मापदण्ड, २०८१

कैलाश गाउँपालिकांको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० दफा ८ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ:

क. यो मामदण्डको नाम "कैलाश गाउँपालिकाको **कर्मचारी प्रोत्साहन (पहिलो संशोधन) मापदण्ड,** २०८१" रहेको छ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० को दफा ७ मा संशोधन: दफा ७ को उपदफा (१) मा क्रमशः पचास र पैतालिस प्रतिशतको सट्टा क्रमशः पैंतिस र तीस प्रतिशत शब्दहरु रांखिएका छन्।

दफा ७ को उपदफा (२) मा पैतालिस प्रतिशतको सट्टा तीस प्रतिशत शब्द राखिएको छ।

दफा ७ को उपदफा (४) को सट्टा देहाय बमोजिम राखिएको छः

| सि.नं. | कार्यालय/ वडा | प्रतिशत |
|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय | २० |
| २ | वडा नं. १, २,४,५ र ६ | २० |
| ५ | वडा नं. ३, ७, ८, ९ र १० | १५ |

दफा ७ को उपदफा (६) मा उपदफा ६क थप: मापदण्डको दफा ७ को उपदफा ६ पछि देहायको उपदफा (६) क थपिएको छः-"उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाबाट वडाहरुमा वा वडाहरुबाट गाउँपालिकामा कार्यालय सम्बन्धी कामले बास बस्नुपर्ने गरी आउनु जानुपरेको खण्डमा कार्यालयले अधिकृतस्तर र सहायकस्तरका कर्मचारीलाई प्रतिदिन क्रमशः रु ७०० र ५०० को दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सक्नेछ।"

दफा ७ मा निम्न उपदफा (१३) थप: कार्यविधिको दफा ७ को उपदफा (१२) पछि देहायको उपदफा (१३) थपिएको छः- गाउँपालिकाको आय स्रोतलाई समेत मध्यनजर गरी मापदण्ड बमोजिम कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने वा तोकिएका कर्मचारीलाई मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउने वा नगराउने विषयमा कार्यालयको निर्णय बमोजिम हुनेछ।

**निर्णय नं. ३** आर्थिक वर्ष २०८०/०८१ मा कैलाश गाउँपालिका वडा नं. ४ मा लिक्चे वृहत खानेपानी आयोजना श्री सन्ध्या निर्माण सेवा, थाहा नगरपालिका, मकवानपुर (ठेक्का नं. KRM/LBWP/BN-06/2080/81) सँग रु. ६९,४५,७७०।९२ मा ठेक्का सम्झौता भई योजना कार्यान्वयन गरेकोमा उक्त सेवाले सम्झौता अवधिभित्र तोकिएको कार्य सम्पन्न गर्न के कति कारणले नसकेको हो स्पष्टीकरण लिने निर्णय गरियो।

**निर्णय नं. ४** कैलाश गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको स्वीकृत कर्मचारी दरवन्दी मध्ये रिक्त रहेको प्राविधिक तथा अन्य (राहत, सेवा करार शिक्षक, बाल विकास सहजकर्ता एवं विद्यालय कर्मचारी, कार्यालय सहयोगी) कर्मचारीको सेवा करारमा पदपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्न करारमा प्राविधिक तथा अन्य (करार, राहत शिक्षक, बाल विकास सहजकर्ता एवं विद्यालय कर्मचारी, कार्यालय सहयोगी) कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्न निर्णय गरियो।

**निर्णय नं. ५** यस कैलाश गाउँपालिका अन्तर्गत आ.व. २०७९/८० मा समपुरक बजेट अन्तर्गत सञ्चालित वेतिनी गिम्दी आम्डाँडा थाक्ले सडक, वडा १०,३ र ५ (KRM/BGATRP/BN-03/2079/80) योजनाहरुको निर्माण व्यवसायी श्री एस.एम कन्स्ट्रक्सन हटिया-१, मकवानपुरले २०७९/८/२६ गते सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा सम्झौतामा तोकिएको समयावधि भित्र कार्यसम्पन्न नगरेको हुँदा पटक पटक म्याद थप गरेको र अन्तिम पटकका लागि २०८१ वैशाख मसान्तसम्म म्याद थप गरेको तर सो अवधि भित्र समेत कार्य सम्पन्न गर्न नसकेकोले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम कारवाही प्रकृया अगाडि वढाउने भनी मिति २०८१/२/३० गते कार्यपालिकाबाट निर्णय भए बमोजिम निजलाई किन कारवाही नगर्ने वा नगर्नुपर्ने हो भने स्पष्ट कारण सहित ७ दिन भित्र पत्र कार्यालयमा पत्र पेश गर्न मिति २०८१/५/१४ मा पत्राचार गरेकोमा निज निर्माण व्यवसायीबाट मिति २०८१/५/१९ मा पेश हुन आएको लिखित स्पष्टीकरण चित्तबुझ्दो नदेखिएकोले उक्त ठेक्का सम्झौता तोडी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (ग) तथा नियमावली, २०६४ को नियम १४१ बमोजिम कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचललाई सिफारिस गर्नको लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो।

विविध:

क. कैलाश गाउँपालिकालाई विपद् जोखिमबाट बचाउनका लागि विपद्‌को सम्भावनालाई न्यूनीकरण गर्दै आईपर्ने विपद्‌लाई प्रभावकारी ढङ्गबाट सामना गर्ने र विपद् उत्थानशील गाउँपालिकाको रुपमा विकास गर्ने सोचका साथ तयार पारिएको कैलाश गाउँपालिकाको विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना, २०८१ (Disaster Management and Response Plan) स्वीकृत गर्ने निर्णय गरियो।

ख. कैलाश गाउँपालिका वडा नं. ८ स्थित श्री धुवाङ माध्यमिक विद्यालयमा कार्यरत विद्यालय नर्स श्री नविना रिजाल अन्यत्र सरुवा भई जान गाउँपालिकाबाट सरुवा सहमति लिएकोले गाउँपालिकाको मिति २०८१/३/८ मा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि थप सूचीमा निजको नाम समावेश नगराई निर्णय गरिएको तर निज नर्सको हालसम्म पनि अन्यत्र सरुवा नभएकोले सोही विद्यालयमा कार्यरत रहेको हुँदा सम्वत् २०८१ साउन १ देखि पौष मसान्तसम्म ६ महिनाको लागि २०८१ साउन १ देखि नै लागू हुने गरी करार सेवा म्याद थप गर्ने निर्णय गरियो।

ग. गत आर्थिक वर्ष २०८०/०८१ मा कार्य प्रारम्भ भई हाल सम्पन्न भएको तथा गत आर्थिक वर्ष बजेट अभाव भई भुक्तानी हुन नसकेका देहायका कार्यहरुको यस आर्थिक वर्षमा विनियोजित बजेटबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो:

| सि.नं. | भुक्तानी गर्नुपर्ने व्यक्ति/फर्म | वापत भुक्तानी | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | दिनानाथ गौतम, राजाराम पराजुली र वीर बहादुर प्रजा | पाठ्यपुस्तक लेखन | रु ४,५०,०००/- | जम्मा रु ५,२७,०६७।२० |
| २ | गौरीशंकर छापाखाना | किताव डिजाइन तथा सम्पादन | रु ६४,९०७।२० | |
| ३ | पुरुषोतम आचार्य | भाषा सम्पादन | रु १२,१६०/- | |
| ४ | बजार विकास केन्द्र प्रा.लि. अनामनगर | मध्यमकालीन खर्च संरचना निर्माण | रु ४,४९,७४०/- | |

घ. यस गाउँपालिकाको वडा नं. १, २, ५ र ६ मा पर्ने मूख्य सडकहरु वर्षातको कारणले पहिरो गई सरसफाइ गरी एम्बुलेन्स तथा सवारी साधनहरुको नियमित रुपमा सूचारु गरी नागरिकहरुमा सहजता तुल्याउनु पर्ने भै नियमानुसार कैलाश निर्माण सेवा, कैलाश-६ सँग सम्झौता गरी कार्य गरेकोमा प्राविधिक स्टिमेट एवं कार्य सम्पन्न प्रतिवेदन बमोजिमको रकम गाउँपालिकाबाट भैपरी आउने पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट कैलाश १, २, ५ र ६ का मुख्यबाटोहरु सरसफाइ वापत रु ६,८४,०००/- (अक्षरमा छ लाख चौरासी हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर

बहादुर मुक्तान